नेपाल सरकार

नेपाल कानून आयोगको

## मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति २०८३।०४।०५

यस आयोगको लागि आ.व. २०८३।८४ मा आवश्यक पर्ने निम्नानुसारको सामान तथा सेवा उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त दर्तावाल व्यक्ति, फर्म, कम्पनी एवम् संस्थाहरूबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार मौजुदा सूची दर्ताको लागि सोही नियमावलीको अनुसूची-२क. बमोजिमको ढाँचामा यस आयोगमा निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ। आफूले गर्न चाहेको कार्यको लागि विषयगत छुट्टा छुट्टै निवेदन दर्ता गराउनु पर्नेछ। रित नपुगी आएका निवेदनलाई मान्यता दिईने छैन। प्राप्त दरखास्तहरू सूचिकृत गर्ने वा नगर्ने अधिकार यस आयोगमा सुरक्षित रहने छ।

### तपसिल

**क. खरिद तथा आपूर्ति**

१. कार्यालयगत सामान, स्टेशनरी तथा मसलन्द,
२. कम्प्यूटर, प्रिन्टर, फोटोकपि, स्क्यानर, युपियस, कार्टेज, टोनर लगायत नेटवर्किङ्ग, इलेक्ट्रोनिक सामान,
३. फर्निचर तथा फर्निसिङ्ग,
४. मोटरसाइकल, स्कुटर,
५. छपाई सम्बन्धी कार्यहरू,
६. विज्ञापन, सूचना प्रकाशन गर्ने कार्य,
७. जारको पिउने पानी, बोतलको पिउने पानी,
८. सवारी साधनको पार्टपूर्जा,
९. पत्रपत्रिकाहरू,
१०. धारा बाथरुमको सामान।

**ख. सेवा र परामर्श सेवातर्फ**

१. कम्प्यूटर तालिम/ग्राफिक्स तालिम,
२. ड्राईभिङ्ग तालिम,
३. सफ्टवेयर निर्माण र मर्मत आपूर्ति सम्बन्धी सेवा,
४. एप्स तथा वेबसाइटहरू,
५. भवन तथा सो को परिसर सरसफाई।

**ग. मर्मत तर्फ**

१. कम्प्यूटर, प्रिन्टर, फोटोकपि, स्क्यानर, युपियस, कार्टेज, टोनर लगायत नेटवर्किङ्ग, एसी, इलेक्ट्रोनिक सामानहरू,
२. कार, जीप, मोटरसाइकल, स्कुटर, साईकलहरू,
३. फर्निचर,
४. भवन भित्र सानातिना पार्टेशनका कार्यहरू,
५. धारा बाथरुमको सामानहरू।

**निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरू**

१. संस्था दर्ता र नविकरण भएको प्रमाणपत्रको छायाँप्रति,
२. स्थायी लेखा नम्बर प्रमाणपत्रको छायाँप्रति,
३. मु.अ. कर दर्ताको प्रमाणपत्रको छायाँप्रति (मु.अ. करमा दर्ता हुनेको मात्र),
४. आ.व. २०८१।८२ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति,
५. व्यवसायिक इजाजत पत्रको छायाँप्रति।

शाखा अधिकृत